# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, असोज ११ गते २०५० साल ( संख्या २४

## भाग ४

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५०।२।७ को निर्णयानुसार कारागार व्यवस्थापनसम्बन्धी कामको लागि यस मन्त्रालय अन्तर्गत कारागार व्यवस्थापन विभागको स्थापना गरेको छ ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

### सर्वोच्च अदालतको सूचना

यस अदालतका रजिष्ट्रार श्री माधव दत्त भट्ट एशिया तथा प्रशान्त क्षेत्रका प्रधान न्यायाधीशहरूको पाँचौं सम्मेलनमा सहभागी भई जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो रजिष्ट्रार पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी यसै अदालतका सह रजिष्ट्रार श्री निर्मलकुमार ढुङ्गानालाई मिति २०५०।५।२५ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
विश्वम्भरप्रसाद श्रेष्ठ
उपरजिष्ट्रार

मुद्रण विभाग सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

263

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।